REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 01.10.2024

<u>सिक्किम गभर्मेन- बीआरओ</u>

सिक्किम सरकार र सीमा सड़क संगठनवीच एउटा उच्च स्तरीय बैठक हिजो साँझ मिन्तोग्याङ्मा बस्यो।

मुख्यमन्त्री श्री प्रेमसिंह तामङले अध्यक्षता गर्नु भएको बैठकमा सिक्किमको विकास र राष्ट्रिय सुरक्षाका लागि पूर्वाधारलाई बलियो बनाउने र सहयोग बढ़ाउने कुरोबारे विचार-विमर्श भयो।

यस पैह्रोको आंशका भएका क्षेत्रहरू विशेष गरी उत्तर सिक्किमका समस्याहरूको समाधानबारे पनि कुराकानी गरियो।

बैठकमा राज्यका सड़क तथा पुल मन्त्री श्री नरबहादुर दाहाल सीमा सड़क संगठनका लेफ्टिनेन्ट जेनरल रघु श्रीनिवासन स्वस्तिक परियोजनाका मुख्य अभियन्ता र राज्य सरकारका बरिष्ठ अधिकारीहरूको पनि उपस्थिती थियो।

<u>डि ए इन्क्रिज</u>

राज्य सरकारले आफ्ना कर्मचारीहरू र पेन्सन भोगीहरूको महँगाइ भत्ता र महँगाइ राहतमा चार प्रतिशत वृद्धि गरेको छ।

आज जारी एउटा परिपत्र अनुसार यो यसै वर्ष 2025 को पहिलो जनवरीदेखि प्रभावी हुनेछ।

अहिलेसम्म उनीहरूले छ्यालिस प्रतिशत महँगाइ भत्ता र महँगाइ राहत पाइरहेका थिए।

अब यो राशि बढ़ेर पचास प्रतिशत भएको छ।

---

## गभर्नर स्वच्छता

राष्ट्रव्यापी स्वच्छता ही सेवा अभियान अन्तर्गत गान्धी जयन्तीको पूर्व सन्ध्यामा आज राज्यपाल श्री ओमप्रकाश माथुरले गान्तोकको राजभवनमा सफाई अभियानको कार्यको नेतृत्व गर्नुभयो।

त्यसपछि उहाँले कर्मचारी आवासको निरीक्षन गर्दै दैनिक जीवनमा स्वच्छताको महत्वबारे जानकारी दिनुभयो।

यस अभियानमा राजभवन गान्तोकका अधिकारी र कर्मचारीहरू सहभागी बने।

## स्वच्छाता तिमि

यसैविच स्वच्छता ही सेवा अभियान पालन गर्दै राज्यका विभिन्न ठाँउमा सरसफाई गर्ने कार्य युद्धस्तरमा भइरहेछ।

यसैक्रममा नाम्ची जिल्लाको तिमि प्रखण्ड प्रशासनिक प्रखण्ड अधिनका विभिन्न ग्राम पञ्चायत इकाइहरूमा आज वार्ड पञ्चायत, पुलिस र स्थानीय वासिन्दाहरूको दिशानिर्देशमा सर सफाई कार्य गरियो।

## फायर

सोरेङ जिल्ला अन्तर्गत मिडल  ओखरेमा हिजो भएको हिजो आगलागी काण्डमा एउटा घर जलेर भष्म भएको रिपोर्ट छ।

साँझ पाणच बजीतिर घटनाको जानकारी  पाएपछि पुलिस र स्थानीय मानिसहरूको सहयोगमा आगोलाई नियन्त्रणमा ल्याउन सकियो। आगो लाग्नुको कारण थाहा पाइएको छैन। पुलिसले घटनाबारे जाँच गरिरहेछ।

## मिनिस्टर हस्पिटल इन्सपेक्सन

वन मन्त्री श्री पिन्छो नाम्गेल लेप्चाले आज मंगनमा नयाँ जिल्ला अस्पताल निर्माण कार्यको निरीक्षण गर्नुभयो।

मन्त्रीसित जिल्लाधीश श्री अनन्त जैंन र अन्य सम्वन्धित विभागका अधिकारी र कर्मचारीहरू पनि गएका थिए।

उहाँले स्वास्थ्य सेवामा सुधारका लागि परियोजना समयमा पूरा गरिनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

श्री लेप्चाले आशा व्यक्त गर्नु भए अनुसार  नयाँ अस्पतालबाट जिल्लावासीहरूलाई असल स्वास्थ्य सेवा उपलब्ध भएको सुनिश्चित हुनेछ।

## एमएलए भिजिट

विधायक तथा जन स्वास्थ्य अभियान्त्रिकी एवं जल संसाधन विकास विभागका सल्लाहकार श्री लोकनाथ शर्माले आज रूङ्दूका वर्षा प्रभावित सड़कहरूको निरीक्षण गर्नुभयो।

हालैको मुसलधारे पानीले गर्दा राष्ट्रिय मार्ग तथा पूर्वाधार विकास निगम एनएचआईडिसिएल द्वारा क्षेत्रमा निर्मित यी सड़कहरू गम्भिर रूपले क्षतिग्रस्त भएका छन्।

क्षतिको जाँच गरेपछि श्री शर्माले स्थानीय वासिन्दाहरूसित बातचीत गर्नुभयो।

यी सड़कहरूमा यातायातलाई सुचारू बनाउन आवश्यक मरम्मति कार्य गर्नु भ्रमण तथा निरीक्षन कार्यक्रमको उद्देश्य रहेको बताइन्छ।

## आकाशवाणी गान्तोक फाउन्डेसन डे

आकाशवाणी गान्तोकले आज  आफ्नो त्रिचालिसौं स्थापना दिवस मनायो।

कार्यालयका क्लस्टर प्रमुख तथा उपनिदेशक अभियान्त्रिकी श्री नीरज पाण्डेले अध्यक्षता गर्नुभएको समारोहमा प्रसारण क्षेत्र उत्कृष्टताको लागि केन्द्रको प्रतिवद्धता र प्रयासबारे प्रकाश पारियो।

आफ्नो वक्तव्यमा कार्यक्रम निष्पादक श्री विनोद शर्माले डिजिटल मीडियाको वर्तमान युगमा विभिन्न प्रकारका चुनौतीहरूको सामना गर्नका लागि आकाशवाणीले अझबढ़ी नवोन्मेष सूचनामूलक तथा मनोरञ्जक कार्यक्रमहरू तयार पार्न आवश्यक रहेको कुरो बताउनु भयो।

समारोहमा केन्द्रका वरिष्ठ अधिकृतहरूले आ- आफ्ना अनुभव साझा गरे।

यसअघि कार्यक्रमको एक भागको रूपमा स्वच्छता ही सेवा अभियान पालन गर्दै आकाशवाणी गान्तोकका सबै अधिकारी तथा कर्मचारीहरूले कार्यालय परिसरको सरसफाई गरे।

किक बक्सिङ

सिक्किमका चारजना महिला किकबक्सरहरूले कम्बोडियाको फोम पेह मा आगामी आइतबारदेखि शुरू हुने एशियन किक बक्सिङ (सिनियर) च्याम्पियनशीप 2024 मा देशको प्रतिनिधित्व गर्नेछन्।

सप्ताहव्यापी च्याम्पियनशीप तेह्र अक्तुवरमा समाप्त हुनेछ।

यसै वर्ष जुन महीनामा आयोजित राष्ट्रिय च्याम्पियनशीपमा उत्कृष्ट प्रदर्शनको आधारमा यी खेलाड़ीहरूलाई चयन गरिएको हो।

सिक्किम किकबक्सिङ संघले एशियाई च्याम्पियनशीपमा भाग लिने चारजना किकबक्सरहरूका लागि गान्तोकको पाल्जोर स्टेडियम दसदेखि तीस सितम्वरसम्म प्रशिक्षण शिविर आयोजन गर्यो।

सितारमन

केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमनले भन्नुभएको छ गरीब र ससाना व्यवसायीहरूका लागि ब्याङ्कबाट ऋण लिनु अब सजिलो भएको छ।

उहाँले भन्नुभएको छ जनधन योजनाको कारणले यस्तो सम्भव भएको हो।

श्रीमती सीतारमन आज इटानगरमा ऋण आउटरिच कार्यक्रमका बेला विभन्न सरकारी योजनाहरूका लाभार्थीहरूसित कुराकानी गर्दैहुनुहुन्थ्यो।